# बैजनाथ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प.सं.
च.न.

रामपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

**सूचना ! सूचना !! सूचना !!!**

(प्रथम पटक संसोधित मितिः २०८३।०५।०३)

प्रस्तुत सन्दर्भमा यस बैजनाथ गाउँपालिकाको आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार किसानसँग पालिका प्रमुख कार्यक्रम अन्तर्गत ७० प्रतिशत अनुदानमा तपसिलमा उल्लेखित पशुपालन सम्वन्धि औजार, यन्त्र र उपकरण वितरण गर्नुपर्ने भएकाले यस गाउँपालिका क्षेत्रभित्र रहेका पशुपालन सम्वन्धि व्यवसायिक किसान, कृषि समूह, कृषि फर्म र कृषि सम्वन्धि सहकारीले आफुलाई आवश्यक पर्ने कृषिसम्वन्धि औजार, यन्त्र ,उपकरण र ढुवानीका साधन आवश्यक कागजात सहित २०८३/०५/२५ गते कार्यालय समय भित्र यसै सूचना साथ प्रकाशित निवेदनको ढाँचामा निवेदन पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

<u>वितरण गरिने कृषि सम्वन्धि औजार, यन्त्र र उपकरणको विवरण</u>

- चाफ कटर( चारा मेशिन)
- पनिर प्रेसिङ्ग मेशिन

<u>निवेदन साथ सँलग्न गर्नुपर्ने कागजातहरुको विवरण</u>

१. तोकिएको ढाँचाको निवेदन

२. सम्वन्धित वडाको सिफारिश पत्र( औजार, यन्त्र र उपकरणको नाम किटान गरिएको हुनुपर्ने)

३. व्यवसायिक किसानको हकमा नेपाली नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी

४. समूहको हकमा समूह दर्ता प्रमाण पत्र(चालु आ.व. का लागि नविकरण भएको हुनुपर्ने) र समूहका सदस्यहरुको नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी

५. फर्म र सहकारीको हकमा फर्म दर्ता प्रमाण पत्र( नवीकरण भएको हुनुपर्ने), प्यान दर्ता प्रमाण पत्र, पालिकामा सूचिकृत भएको प्रमाण पत्र र आ.व. २०८२।०८३को कर चुक्ता गरिएको प्रमाण पत्रको प्रतिलिपी

६. समूह, फर्म र सहकारीको हकमा आधिकारिक व्यक्ति तोकी अख्तियारनामा दिइएको र कुन सामग्री माग गर्ने हो सो स्पष्ट खुलाई गरिएको निर्णयको प्रमाणित प्रतिलिपी

Email : baijanathrumun@gmail.com/ info@baijanathmun.gov.np,Website : http://baijanathmun.gov.np

७. आफ्नो स्वामित्व वा वहालमा रहेको जग्गाको हकमा जग्गा धनी पूर्जाको प्रमाणित प्रतिलिपी तथा वाहलमा रहेको जग्गाको हकमा वहालमा लिइएको सम्बन्धित वडा कार्यालयले प्रमाणित गरेको सम्झौता र वहाल कर तिरेको रसिदको प्रमाणित प्रतिलिपी र प्रति/ऐलानी जग्गाको हकमा वाहाल विटौरी शुल्क तिरेको रसिदको प्रमाणित प्रतिलिपी।

नोट

- माथि उल्लेखित औजार. यन्त्र र उपकरणमध्ये जुन जुन माग गर्ने हो प्रत्येकको आवश्यक कागजात सहित छुट्टाछुट्टै फायल खडा गरि छुट्टाछुट्टै निवेदन पेश गर्नुपर्नेछ।
- रित नपुगी र म्याद नाघी आएको निवेदनलाई छनौट प्रकृयामा समावेश गरिने छैन।
- निवेदन साथ सँलग्न कागजातहरु निवेदक स्वयमले सक्कल वमोजिम नक्कल ठीक छ भनि स्वयम हस्ताक्षर गरि प्रमाणित गर्नुपर्नेछ।
- मिति २०८३/०५/०१ गते प्रकाशित सूचनालाई प्रथम पटक संसोधन गरि प्रकाशित गरिएको व्यहोरा समेत अनुरोध छ।

लाल बिसुन थारु
शाखा प्रमुख

मिति: २०८३/०५/......

श्रीमान अध्यक्षज्यू,
बैजनाथ गाउँपालिका
रामपुर, बाँके।

**विषयः पशुपालन सम्वन्धि यन्त्र/उपकरण/सामग्री माग गर्ने सम्वन्धमा।**

उपरोक्त सम्वन्धमा तहाँ गाउँपालिकाद्वारा मिति २०८३।०५।०३ गते प्रकाशित सूचना अनुसार किसानसँग पालिका प्रमुख कार्यक्रम अन्तर्गत ७० प्रतिशत अनुदानमा वितरण गरिने पशुपालन सम्वन्धि यन्त्र, उपकरण र औजारमध्ये तपशिलमा उल्लेखित यन्त्र/उपकरण/औजार आवश्यक रहेकाले सो यन्त्र/उपकरण/औजारका लागि तहाँ पालिकाको नियमानुसार छनौट गरिदिन हुन अनुरोध छ।

यस निवेदन साथ सँलग्न विवरण तथा कागजातहरु सत्यतथ्य भएको, विगत तीन वर्षदेखि किसानसँग पालिका प्रमुख कार्यक्रम अन्तर्गत ७० प्रतिशत अनुदानमा वितरण गरिने तपशिल वमोजिमको यन्त्र/ उपकरण/ औजार अनुदानमा प्राप्त नगरेको तथा म र मेरो/हाम्रो समूह, फर्म, सहकारी फर्मका सदस्यहरु यस वैजनाथ गाउँपालिकाअन्तर्गतका जनप्रतिनिधि तथा गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा कार्यरत कर्मचारीको एकाघरको सदस्य नरहेको स्व-घोषणा गर्दछु। झुठा ठहरिए प्रचलित कानून वमोजिम सहुँला बुझाँउला।

माग गरिएको यन्त्र/उपकरण/ समाग्रीको विवरणः ( कुनै एकको मात्र उल्लेख गर्ने)

निवेदक

हस्ताक्षरः

नामः

संस्थाको नामः

ठेगानाः(व्यक्तिको हकमा व्यक्तिको ठेगानाः संस्थाको हकमा संस्थाको ठेगाना उल्लेख गर्ने

छापः

सम्पर्क नं.